# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको विशेष साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९/०३/१३ गतेका दिन बसेको सञ्चालक समितिको ७०औं बैठकको निर्णय अनुसार विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समयः**

मितिः २०७९/०४/०६ (तद्नुसार २२/०७/२०२२), शुक्रबार

स्थानः होटल हिमालय, कुपण्डोल, ललितपुर

समयः दिउँसो ३:०० बजे

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१. सञ्चालक समिति सदस्यहरुको निर्वाचन गर्ने सम्बन्धमा।

**(ख) विशेष प्रस्तावः**

१. नियामक निकायले तोके बमोजिम कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा।

२. कम्पनीको पूँजी वृद्धि एवं अन्य व्यवस्थाहरु समेत समावेश गरी प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

३. नियामकीय निर्देशन तथा समयानुकूल पूँजी वृद्धिको आवश्यकतालाई दृष्टिगत गरी भविष्यमा अन्य कुनै जीवन बीमा कम्पनीसँग एक आपसमा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरीक्षकहरु नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एकआपसमा गाभ्ने/गाभिनेसँग सम्बन्धित प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रक्रियाहरु पूरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देशन गरे बमोजिम विवरणहरु उपलब्ध गराउने लगायतका कम्पनी गाभ्ने/गाभिने सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**विशेष साधारण सभा सम्बन्धी जानकारी**

१. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र तथा विशेष साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र लिई आउनु हुन अनुरोध गरिन्छ।

२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस कम्पनीको प्रधान कार्यालय टेकु, काठमाडौंमा दर्ता गराइसक्नु पर्नेछ। प्रतिनिधि (प्रोक्सी) फारम कम्पनीको वेबसाइटबाट प्राप्त गर्न सकिनेछ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द हुनेछ।

४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि (प्रोक्सी) पत्र बदर गरी यो प्रतिनिधि (प्रोक्सी) पत्रलाई मान्यता दिइयोस् भनी छुट्टै पत्र समेत लेखी पठाइएमा अरु सबै प्रतिनिधि (प्रोक्सी) पत्र बदर भई सोही पत्रसाथ आएको प्रतिनिधि (प्रोक्सी) पत्र मात्र मान्य हुनेछ। तर यसो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरी त्यस्ता प्रतिनिधि (प्रोक्सी) पत्र समयमै यस कम्पनीमा दर्ता हुन आएता पनि सबै भन्दा पहिला प्राप्त भएको प्रतिनिधि पत्रलाई मान्य गरी अन्य प्रतिनिधि पत्र बदर गरिनेछ।

५. नावालक शेयरधनीको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेख) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एकजना व्यक्तिले मात्र सभामा भाग लिन पाइनेछ।

७. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषय बारे तीन दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षज्यूलाई लिखित जानकारी दिनुपर्नेछ। त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षज्यूलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गरिनेछ।

८. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ।

९. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशन गरे बमोजिम हुनेछ। उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम कम्पनीको रजिष्टर्ड कार्यालय टेकु, काठमाडौंको सूचना पाटीमा टांस गरिनेछ।

१०. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका दिनको २:३० बजे देखि खुल्ला रहनेछ।

११. सभा सम्बन्धी अन्य काम कारबाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।

Citizen Life Insurance
समृद्धि तपाईको, साथ हाम्रो
**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
अम्बे कम्प्लेक्स, टेकु, काठमाडौं । फोन: ०१-५३१६०००
Email: info@citizenlifenepal.com | URL: www.citizenlifenepal.com